महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषय: लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:२०७५।७६

मितिः २०७५।१२।...

श्री प्रमुखज्यू,
मायादेवी गाउपालिका,
कपिलवस्तु ।

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन</u>** ।

यस कार्यालयबाट मायादेवी गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ९५ लाख ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ५८ हजार, अनियमित रु.४९ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड २० लाख २९ हजार र पेश्की रु.२४ लाख ६२ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १२ (बाह्र) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# मायादेवी गाउपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । ५ प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ८ वडा, ४४ नगर सभा सदस्य, ८८.५३ वर्ग कि.मी.क्षेत्रफल र ४८,२१८ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय तर्फ | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | विवरण | रकम | **सि.नं.** | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | *७८६२८४५* | १ | चालु खर्च | ११७११२१४५ |
| | क) नगद | ० | २ | पूँजीगत खर्च | १७०३२०३४४ |
| | ख) बैंक | ७८६२८४५ | ३ | वित्तीय व्यवस्था भुक्तानी | ० |
| २ | राजस्व (आन्तरिक आय) | *३५१६५९६* | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | ३५१६५९६ | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ० | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | ० | ४ | लगानी | ० |
| ३ | वित्तीय हस्तान्तरण | *४००१२७१६३* | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | २४३९८५००० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | ८८१५५९४५ | | अन्य लगानी | ० |
| | ग) समपूरक अनुदान (निशर्त) | ० | ५ | सामाजिक सुरक्षा तथा सर्शत अनुदान | ५७०६१००० |
| | घ) सीमा क्षेत्र विकास लगायतका कार्यक्रम | ६७९८६२१८ | ६ | सेवानिवृत कर्मचारी सुविधा | ० |
| | | ० | ७ | धरौटी फिर्ता | 0 |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | | कोष खर्च | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ० | ८ | मौज्दात | *६७०१३११५* |
| | ख) सशर्त अनुदान | ० | ९ | क) नगद मौज्दात | ८०३९७ |
| | ग) समपूरक अनुदान | ० | | ख) बैंक मौज्दात | ६६९३२७१८ |
| | घ) विशेष अनुदान | ० | | ग) फ्रिज रकम बैंक जम्मा नभएको | ० |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | घ) धरौटी बैंक बाँकी | 0 |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | ० | | | 0 |
| | क) ऋण प्राप्ति | ० | | | 0 |
| | ख) साँवा प्राप्ति | ० | | | 0 |
| | ग) ब्याज प्राप्ति | ० | | | 0 |
| | घ) अन्य प्राप्ति | ० | | | 0 |
| ६ | विभिन्न कोषतर्फको आय | ० | | | 0 |
| ८ | जनसहभागिता (नगद) | ० | | | 0 |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | ० | | | 0 |
| १० | धरौटी आय | | | | 0 |
| ११ | लगानीको साँवा फिर्ता | ० | | | 0 |
| १२ | अन्य विविध आय | ० | | | 0 |
| | *जम्मा* | *४११५०६६०४* | | *जम्मा* | *४११५०६६०४* |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>1.</td><td>स्थानीय संचितकोषः मायादेवी गाउपालिकाले आर्थिक वर्ष २०७४।७५ को सेवा र कार्यहरुकोलागि स्थानीय सन्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो विनियोजन गर्न नेपालको संविधान, २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम "मायादेवी गउपालिकाको विनियोजन ऐन, २०७४" मिति २०७४।५।२७ मा पारित गरेको छ । सो आर्थिक वर्षमा चालू र पूँजीगत खर्च समेत गरी जम्मा रु.४०,८३,७८,८४५।०० मा नबढाई निर्दिष्ट गरिए बमोजिम सन्चित कोषबाट खर्च गर्न सक्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :</td><td></td></tr>
<tr><td>2.</td><td>बैंक हिसाब - नियमानुसार कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान हुनुपर्ने व्यवस्था छ। कार्यालयको यसवर्षको आम्दानी रु.३३,५०,८४,४४५।०० र खर्च रु.२७,६०,१४,५७२।०० भई श्रेस्ता अनुसारको मौज्दात रु.६,६९,३२७१८।०० रहेकोमा बैंक मौज्दात रु.७,६४,२१,४०४।०० रहेकोछ। यसरी श्रेस्ता र बैंकको बीचमा रु.९४,८८,६८७।०० फरक पर्न गएको छ। बैंक बढी भएको रकम श्रेस्तामा आम्दानी बाँधी हिसाव मिलान गर्नुपर्नेमा कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान नभएको रु. ....</td><td>9488687.00</td></tr>
<tr><td>3.</td><td>फ्रिज प्रमाण पेश हुनु पर्नेः नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदानको रुपमा उपलव्ध गराएको निम्न विषयगत क्षेत्रको अनुदान रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज गर्नुपर्नेमा सो प्रमाण पेश नभएकोले फ्रिज प्रमाण पेश हुनु पर्ने रु. ...</td><td>11491055.00</td></tr>
<tr><td></td><td><table>
<tr><th>क्र.सं.</th><th>विषयगत क्षेत्र</th><th>अनुदान रकम</th><th>खर्च रकम</th><th>फ्रिज हुनु पर्ने बाँकी रकम</th></tr>
<tr><td>1.</td><td>शिक्षा</td><td>64375000.00</td><td>55764269.45</td><td>8610730.55</td></tr>
<tr><td>2.</td><td>स्वास्थ्य</td><td>33198000.00</td><td>30322125.26</td><td>2875874.74</td></tr>
<tr><td>3.</td><td>कृषि</td><td>1483000.00</td><td>1478550.00</td><td>4450.00</td></tr>
<tr><td>4.</td><td>पशु</td><td>591000.00</td><td>591000.00</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>99647000.00</td><td>88155944.71</td><td>11491055.29</td></tr>
</table></td><td></td></tr>
<tr><td>3.1.</td><td>वित्तीय समानीकरण (ब.उ.शी.नं.८०१६६०३) शीर्षकमा विभिन्न फर्म तथा व्यक्तिसँग कट्टा गरी राखेको कर रु.१,०६,०००।०० दाखिला नभएकोले उक्त रकम बैंक दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने रु. ....</td><td>106000.00</td></tr>
<tr><td>4.</td><td>आन्तरिक नियन्त्रण प्रर्णालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
| --- | --- | --- |
| | प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । | |
| | • गाउपालिकाले प्रत्येक वर्ष तयार गर्नुपर्ने संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,<br>• प्रत्येक पदको कार्य विवरण तयार बनाई लागु नगरेको,<br>• उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सोको निराकरण नगरेको (आर्थिक कार्य विधि नियमावली, २०६४ को नियम ९५(२)),<br>• भुक्तानी जनाउने छाप नलगाएको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८),<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयबाट निरीक्षण गर्नुपर्नेमा निरीक्षण गरेको अभिलेख नभएको,<br>• गाउपालिकाले लक्ष्य तथा कार्यक्रम बारेमा सेवाग्राही सँग अन्तरक्रिया कार्यक्रम नगरेको,<br>• मासिक तथा चैामासिक रुपमा पेश गर्नुपर्ने विवरण तयार गरी समयमा पेश नगरेको,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम बेरुजुको लगत व्यवस्थित र अद्यावधिक नगरेको,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम आर्थिक कारोवारको संक्षिप्त वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा नपठाएको,<br>• भ्रमण खर्च नियमावली, २०६४ नियम १८(१) वमोजिम भ्रमण प्रतिवेदन र अभीलेख राखेको पाइएन,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ५० वमोजिम  जिन्सी निरीक्षण नगरेको,<br>• कतिपय गोश्वारा भौचर कार्यालय प्रमुखबाट प्रमाणित नभएको,<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकामा आन्तरिक लेखापरीक्षक नरहेको कारण नगर सभाबाट तलबी प्रतिबेदन पारित गरेको छ । कानूनको व्यवस्था अनुसार तलवि प्रतिबेदन पारित गरी तलब खर्च लेख्ने व्यवस्था हुनुपर्दछ,<br>• सेवा ग्राहीले पाएको सन्तुष्टिको दृष्टिकोणबाट गाउपालिकाले आफ्नो मुल्यांकन नगरेको,<br>• नगदी रसिदको राजश्व अभिलेख खाता (Day Book) र रसिद नियन्त्रण खाता राखेको पाईएन,<br>• योजनामा खर्च भएको कन्टेन्जेन्सी रकमको हिसाव अद्यावधिक गरी नराखेको । | |
| 5. | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम मायादेवी गाउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । मायादेवी गाउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित गन्तव्य पहिल्याउन सक्ने देखिएन । | |
| 6. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय स्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको छैन । कार्यालयले पेश गरेको विवरण अनुसार बार्षिक लक्ष्य प्रगति यस प्रकार छः | |

| कार्यक्रम | यो बर्षको कुल कार्यक्रम संख्या | बार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शुन्य प्रगति | २५ प्रतिशत सम्म प्रगति | ५० प्रतिशत सम्म प्रगति | ५० प्रतिशत भन्दा माथि प्रगति |
| मूल कार्यक्रम संख्या | 366 | 11 | 0 | 0 | 355 |

गाउपालिकाले स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रगति हासिल गरेको देखिएन ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 7. | ***सेवा प्रवाहः*** गाउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छ । | |

| क्रियाकलाप | सेवा प्राप्तीकालागि विवरण संख्या | सिफारिश संख्या |
|---|---|---|
| नागरिकता सिफारिश | 1306 | 1304 |
| घरबाटो सिफारिश | 801 | 801 |
| नागरिकता प्रमाणित | 178 | 178 |
| जन्म दर्ता | 1634 | 1634 |
| मृत्यु दर्ता | 237 | 237 |
| *जम्मा* | *4156* | *4154* |

गाउपालिकाबाट सेवा प्राप्त गर्नेको संख्या बृद्धि गरी सेवा सुविधा विस्तारमा ध्यान दिनु पर्ने देखिन्छ ।

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 8. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकामा रहने कर्मचारी दरवन्दी २५ रहे पनि पदपूर्ति १२ रहेको देखियो । ३ अधिकृत सहित १३ पद रिक्त रहेका छन । ती मध्ये ७ जना करारमा राखी कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| 9. | **बेरुजू फछ्र्यौट :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले यकीन गरी अद्यावधिक नगरेकोले गाउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| 10. | **बेरुजू अनुगमन तथा सम्परीक्षणः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | लेखापरीक्षणबाट औंल्याइएको बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने तथा दफा १९ मा महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा औंल्याइएको बेरुजूको सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । गाउपालिकाले लेखापरीक्षणको सिलसिलामा रु.२,९१,९८८।०० (रु.१,६५,०००।०० को बिल भरपाई र रु.१,२६,९८८।२० बैंक दाखिला भौचर) फछ्र्यौट गरेको प्रमाणका आधारमा सम्परीक्षणकोलागि पेश हुन आएकोले सोही आधारमा सम्परीक्षण गरिएको छ । | |
| 11. | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार मायादेवी गाउपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरे तापनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वाँकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ । | |
| 12. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| 13. | **पेश्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउपालिकाको नाममा रु.२४,६२,०२०।०० पेश्की फछ्र्यौट नभई बाँकी रहेकोले विगतको बर्षको पेश्की रु.८४,४५,७७१।०० फछ्र्यौटमा समेत तदारुकता दिई नियमानुसार फछ्र्यौट हुनुपर्ने रु. .... | 2462020.00 |

| क्र.सं. | ब.उ.शी.नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|---|
| 1. | 8016603 | 2075/3/14 | श्री श्यामकुमार कामत | 157140.00 |
| 2. | | 2075/3/12 | श्री सौर्य उर्जा खरिद उपभोक्ता समिति | 1500000.00 |
| 3. | | 2075/3/25 | श्री खानेपानी तथा सरसफाई समिति, बिजुवा | 204880.00 |
| 4. | 3658213 | 2075/3/25 | श्री वडास्तरीय स्वच्छता समन्वय समिति वडा नं.७ | 300000.00 |
| 5. | | 2075/3/25 | श्री वडास्तरीय स्वच्छता समन्वय समिति वडा नं.८ | 300000.00 |
| | | | *जम्मा* | *2462020.00* |

| | | |
|---|---|---|
| 14. | **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था उल्लेख गरिएको छ । जस अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बील्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने, कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधिको समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन मोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, यसरी जाँच बुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन र स्पेसिफिकेशन बमोजिम भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस मायादेवी गाउपालिकामा ३५५ योजनाहरुको रु.१७,०३,२०,०००।०० निर्माण कार्यमा खर्च भएकोमा नियमावलीको उपरोक्त प्रावधान पुरा गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । | |
| 15. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| 16. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| 17. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले कर्मचारी कल्याण कोषमा रकम छुट्याएको देखिएन । | |
| 18. | **सामाजिक सुरक्षा** :संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई वाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सामाजिक सुरक्षा अर्न्तगत पहिलो किस्ता रु.२,१५,३८,४००।०० तथा दोस्रो किस्ता रु.१,९५,००,४००।०० र तेस्रो किस्ता रु.१,८८,७०,८००।०० समेत कुल रु.५,९९,०९,६००।०० निकासा भएकोमा गाउपालिकाले रु.२८,८८,२००।०० निकासा फिर्ता भै रु.५,७०,२१,४००।०० मात्र निकासा जनाएको छ । तथ्याङ्क अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्नेमा सो गरेको पाइएन । | |
| 19. | कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरणको लागि आर्थिक वर्ष २०७४/७५ मा जम्मा रु.६,५७,२२,०००।०० निकासा प्राप्त गरी सो शीर्षकमा रु. ५,७०,२१,४००।०० खर्च गरेको छ । यसरी खर्च कटाई बाँकी रकम रु.८७,००,६००।०० कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गर्नुपर्नेमा जम्मा रु.८६,६०,६००।०० मात्र फिर्ता गरेकोले कम फिर्ता भएको रकम रु.४०,०००।०० नेपाल सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु...... | 40000.00 |
| 20. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा मायादेवी गाउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नू पर्नेमा व्यवसायीहरुको लगत | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | नराखेकोले लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नवीकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर यकीन गर्न सकिएन । गाउपालिका क्षेत्र भित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखि करको दायरा भित्र ल्याउनु पर्दछ । | |
| 21. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस गाउपालिकाले उपरोक्त प्रावधान अनुरुप सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेको देखिएन । | |
| 22. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागित मूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस गाउपालिकाले उपरोक्त प्रावधान अनुसार योजना र कार्यान्वयन गरेको देखिएन । | |
| 23. | **सवारी साधन खरिद** - यस गाउपालिकाले सौरभ इन्टरप्राइजेजबाट रु.४९,५०,०००।०० मा महेन्द्रा स्कारपियो खरिद गरी भुक्तानी गरेकोमा अर्थ अर्थ मन्त्रालयको स्वीकृत नलिई सवारी साधन खरिद गरेको रु. ....... | 4950000.00 |
| 24. | १२-२०७५/३/१९ गते मायादेवी गाऊँपालिका वडा नं. १ मा रहेको सामूदायिक अध्ययन केन्द्रलाई आसिटी बेश बनाउनकोलागि रु.२,००,०००।०० अनुदान दिएको छ । कार्यालय र अध्ययन केन्द्र बीच भएको सम्झौता अनुसार जिन्सी सामान खरिद गरी अध्ययन केन्द्रले जिन्सी सामान आम्दानी जनाई त्यसको जानकारी गाऊँपालिकालाई दिनुपर्ने उल्लेख छ तर निम्न जिन्सी सामानहरु जिन्सी अभिलेख नराखेको रु. . | 150150.00 |

| सि.नं. | सामानको नाम | परिमाण | दर | रकम रु. |
|---|---|---|---|---|
| १ | ल्यापटप | १ | ५०,६५०.०० | ५०,६५०.०० |
| २ | प्रिन्टर -मल्टि फङ्सन | १ | २६,०००.०० | २६,०००.०० |
| ३ | डिजीटल क्यामरा | १ | १८,५००.०० | १८,५००.०० |
| ४ | दराज | १ | १३,०००.०० | १३,०००.०० |
| ५ | र्याक | १ | १२,०००.०० | १२,०००.०० |
| ६ | रिभल्विङ चेयर | २ | ८,५००.०० | ८,५००.०० |
| ७ | सिलिङ फ्यान | २ | ४,०००.०० | ४,०००.०० |
| | *जम्मा* | | | *१,५०,१५०.००* |

| | | |
|---|---|---|
| 25. | ४६-२०७४/११/२९ गते स्वास्थ्यतर्फका कर्मचारीहरुलाई फाल्गुण महिनाको तलव भूक्तानी गर्दा कट्टि गरेको कर्मचारी सञ्चयकोष, सापटी, बीमा, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कर रकम ३,२४,६३९।०७ बैंक दाखिला भएको प्रमाण पेश नभएको रु. | 324639.07 |
| 26. | ४९-२०७४/१२/३० गते कार्यक्रम सञ्चालक महेन्द्र राय यादवले पुर्ण खोप | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | सुनिश्चतता कार्यक्रम सञ्चालन गरी रु.३५,७६०।०० को खर्चको विल भरपाई पेश गरेकोमा कार्यालयले रु.५२,२२०।०० भुक्तानी दिएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च भन्दा बढी भुक्तान भएको रु.१६,४६०।०० असुल गर्नु पर्ने रु. ....... | 16460.00 |
| 27. | ५६-२०७५/०१/१० गते बन्ध्याकरण शिबिर कार्यक्रम सञ्चालन गरे वापत जोगेन्द्र प्रसाद गुप्तालाई रकम भुक्तानी गर्दा पारिश्रमीक कर रु. १,७१०।०० कट्टी गरेकोमा बैंक दाखिला नगरेको रु..... | 1710.00 |
| 28. | ७४-२०७५/०१/२५ गते महिला स्वास्थ्य सेविकालाई पोशाक खर्च रु.७,४२,५००।०० भुक्तानी गरेको १% कर रु. ७,४२५।०० दाखिला नगरेको रु...... | 7425.00 |
| 29. | ८४-२०७५/०३/२० गते चैत्र, बैशाख, जेष्ठ, आषाढ महिनाको सामाजिक सुरक्षा कर रु.५६,४००।११ बैंक दाखिला गरेको नदेखिएकोले उक्त रकम बैंक दाखिला गर्नुपर्ने रु. | 56400.11 |
| 30. | ८७-२०७५/०३/३२ गते बिभिन्न स्वास्थ्य संस्थामा पुर्ण खोप घोषणा तथा अभिमुखीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरे वापत श्री महेन्द्र प्रसाद यादवले रु.६३,०००।०० बुझेकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बिल भरपाई भन्दा बढी खर्च रु.२३,०००।०० असुल गर्नुपर्ने रु. ...... | 23000.00 |
| 31. | **ब.उ.शि.नं.३६५८५२ सिमा क्षेत्र बिकास कार्यक्रमः** ८-२०७४/१२/३० गते सिमा क्षेत्र व्यवस्थापन सम्वन्धी आयोजना कार्यान्वयनको क्रममा बैठक बसे वापत वडा अध्यक्ष श्री कृष्ण नारायण तिवारीलाई भरपाई विना रकम भुक्तानी भएको रु.२,५५०।०० बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ....... | 2550.00 |
| 32. | निम्नानुसारका भौ.नं. र मितिमा डोजर तथा गाडी भाडा लिए वापत आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम बहाल कर कट्टी नगरेकोले उक्त रकम असुल गरी दाखिला गर्नु पर्ने रु. ...... | 18000.00 |

| क.सं. | भौ.नं.मिति | विवरण | भाडा भुक्तानी रकम | १० प्रतिशत कर रकम |
|---|---|---|---|---|
| 1 | 45-2075/3/26 | कार्यक्रम | 30000.00 | 3000.00 |
| 2 | 46-2075/3/27 | नयाँ तथा पुरानो प्याकेज (मुस्ताफ अहमद मुसलमान) | 90000.00 | 9000.00 |
| 3 | 46-2075/3/27 | नयाँ तथा पुरानो प्याकेज (सुरेन्द्र कुर्मी) | 30000.00 | 3000.00 |
| 4 | 46-2075/3/27 | नयाँ तथा पुरानो प्याकेज (बिजयकुमार चौधरी) | 30000.00 | 3000.00 |
| | | | | *18000.00* |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 33. | **ब.उ.शी.नं.८०१६६०३** विभिन्न भौ.नं. मितिमा कट्टी गरी राखेको कर रकम बैंक दाखिला प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नु पर्ने रु. .... | 42284.84 |
| | **ग-२-२ पूँजीगत खर्चः** | |
| 34. | निम्नानुसारका भौ.नं र मितिमा भएका खर्चहरुको बिल भरपाई पेश नभएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम असुल हुनु पर्ने रु. | 21766.00 |

| भौ.नं. र मिति | पार्टी/ कार्यक्रमको नाम | खर्च रकम | बिल भरपाई पेश रकम | बिल भरपाई भन्दा बढी खर्च रकम |
|---|---|---|---|---|
| 76-2074/12/29 | स्नेहा अर्डर एण्ड जनरल सप्लायर्स, | 300000.00 | 290184.00 | 9816.00 |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | तौलीहवा | | | |
| 79-2074/12/29 | खुल्ला दिशा मुक्त कार्यक्रम | 200000.00 | 196500.00 | 3500.00 |
| 142-2075/2/3 | शान्ता गिरीको पेश्की फछ्र्यौट | 200000.00 | 191550.00 | 8450.00 |
| | *जम्मा* | | | *21766.00* |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 35. | २७०-२०७५।३।१२ बास सहजकर्ता श्री श्यामकुमार विश्वकर्माले बजार क्षेत्र सरसफाई सम्बन्धी कार्यक्रमकोलागि रु.४,१५,०००।०० पेश्की लिई फछ्र्यौट गरेकोमा आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम रु.३,१२,३८९।०० को १.५ प्रतिशत कर कट्टी नगरेको रु.४,६८६।०० असुल गर्नुपर्ने रु. ..... | 4686.00 |
| 36. | गाउपालिकाले खरिद गरेको विभिन्न किसिमका सामान जिन्सी दाखिला प्रतिवेदनमा नचढाएको, जिन्सी दाखिला नं. उल्लेख गरेको नदेखिएकोले उक्त सामानहरुको जिन्सी दाखिला गर्नुपर्ने देखिन्छ । उदाहरणकोलागि | |

| भौ.नं. मिति | पार्टीकोनाम | सामानको नाम | परिमाण | मूल्य अभिबृद्धि कर सहितको रकम |
|---|---|---|---|---|
| 3-2075/3/5 | मार्स कम्प्युटर सप, तौलीहवा | ट्ली स्पीकर, डिजिटल क्यामरा लगायतका सामानहरु | ६ थान | 92196.00 |
| 100-2075/1/9 | निस्ट सेल्स सप्लायर्स, भैरहवा | डेल ल्यापटप ( आई.पी.एस.), क्यानन प्रिन्टर (आई.पी.एस.) १ थान लगायतका अन्य सामानहरु | ३१ थान | 107200.00 |
| | स्नेहा अर्डर एण्ड जनरल सप्लायर्स, तौलिहवा | सोफोसेट, स्टेवलाईजर आदि | २८ थान | 325977.00 |
| 433-2075/3/25 | बुद्ध फर्निचर सेन्टर, तौलीहवा | सिलाई मेशीन | १० थान | 124300.00 |
| | | | | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 37. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) बमोजिम कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था भएकोमा निम्नानुसारका दफाहरु बाँकी नै रहेको देखिएकोले यसतर्फ सुधार गर्नु पर्ने देखियो । | |
| 37.1. | **ब.उ.शी.नं.३६५०१५३:** सामाजिक सुरक्षा भत्ता (दलित बाल पोषण) वितरण गर्दा उमेर पुगेका बालबालिकालाई भत्ता वितरण गरेकोले असुल गर्नु पर्ने रु. ..... | 2400.00 |

| क्र.सं. | भौ.नं. मिति | नाम | रकम |
|---|---|---|---|
| 1 | 25-2074/11/28 | श्री रामसेवक कुर्मी | 800.00 |
| 2 | 27-2075/2/18 | श्री रामतिरथ कहार | 1600.00 |
| | | *जम्मा* | *2400.00* |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| 37.2. | निम्नानुसारका वडा सचिवहरुले सामाजिक सुरक्षा भत्ता वितरण गर्नकालागि पेश्की लगेकोमा भत्ता वितरणको भरपाई नपुग भएकोले उक्त रकम असुल गर्नु पर्ने रु. .... | 16000.00 |

| क्र.सं. | भौ.नं. मिति | नाम | रकम |
|---|---|---|---|
| 1 | 36-2075/3/6 | श्री शिवगुलाम कलवार | 8000.00 |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td>2</td><td></td><td>श्री भिमनाथ शर्मा</td><td>8000.00</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>16000.00</td></tr></table></td><td></td></tr>
<tr><td>37.3.</td><td>ब.उ.शी.नं.३६५८२१३: १८-२०७४।१०।२९ श्री श्यामकुमार विश्वकर्माको कार्यक्रम सन्चालन रु.३०,०००।०० को पेश्की फछ्र्यौट भएकोमा उक्त कार्यक्रममा साउण्ड वक्स रु.६,०००।०० मा भाडामा लिएकोमा आयकर ऐन, २०५८ बमोजिम उक्त रकमकको बहाल कर रु.६००।०० कट्टी नगरिएकोले असुल गर्नु पर्ने रु. ...</td><td>600.00</td></tr>
<tr><td>37.4.</td><td>२०-२०७४।११।२ सरसफाई सम्बन्धी सन्देशमूलक व्यानर निर्माण वापत श्री थानेश्वर अधिकारीलाई रु.१,००,०००।०० सोधभर्ना भुक्तानी दिएकोमा लिएकोमा आयकर ऐन, २०५८ बमोजिम उक्त रकमको १.५ प्रतिशत कर रु.१,५००।०० कट्टी नगरिकोले उक्तरकम असुल गर्नु पर्ने रु. ....</td><td>1500.00</td></tr>
<tr><td>37.5.</td><td>ब.उ.शी.नं.८०१६६०३: ३४-२०७५।३।२२ माछा भुरा ढुवानी वापत श्री रामकुमार कुर्मीलाई रु.३०,०००।०० भुक्तानी दिएकोमा लिएकोमा आयकर ऐन, २०५८ बमोजिम भाडा कर कट्टी नगरी भुक्तानी दिएकोले कर कट्टी वापतको रकम रु.३,०००।०० असुल गर्नुपर्ने रु. ...</td><td>3000.00</td></tr>
<tr><td>37.6.</td><td>१४३-२०७५।२।३ वडा नं.४ मा तालिम तथा बिउ विजन वितरण कार्यक्रममा बुद्ध समाज विकास संस्थालाई रु.२,५७,१४०।०० भुक्तानी दिएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम रु.२,५०,६३५।०० बराबरको मात्र बिल भरपाई संलग्न रहेकोले नपुग रकम रु.६,५०५।०० असुल गर्नु पर्ने रु...</td><td>6505.00</td></tr>
<tr><td>37.7.</td><td>१५१-२०७५।२।३ वडा नं.६ डुमराचोकदेखि दुवरीपुर हुँदै बडसुडवासम्मको बाटो कालोपत्रे सडक निर्माण कार्यको कुल लागत अनुमान रु.३१,३३,९१०।८५ भएकोमा जनश्रमदान रु.२,८३,९१०।८५ कट्टा गरी गाउपालिकाले भुक्तानी गर्ने रु.२८,५०,०००।०० मध्ये पहिलो रनिङ्ग बिलको ठेक्का बिल रु.९,०५,२९५।८० मा जनश्रमदान रु.८१,४७६।६२ कट्टा गरी रु.८,२३,८१९।१८ भुक्तानी दिनुपर्नेमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम रु.९,०५,०००।०० भुक्तानी दिएकोमा बढी भुक्तानी दिएको रकम रु.८,१४७।६२ असुल गर्नुपर्ने रु. ..</td><td>8147.62</td></tr>
<tr><td>37.8.</td><td>१९४-२०७५।२।२२ वडा नं.२ को मरवालिया गाउमा पी सी सी बाटो निर्माण वापत कार्यक्रममा रु.१५,००,०००।०० स्वीकृत बजेट भएकोमा रनिङ्ग बिलबाट रु.१०,७६,०३७।४१ भुक्तानी (जनश्रमदान कट्टी रु.१,६०,७८७।२०) र यस बिलको रु.३,९८,४६८।९० मा रु.२२,२५१।२१ जनश्रमदान कट्टी गरी रु.३,७६,२१७।६९ भुक्तानी दिनुपर्नेमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम रु.३,७९,०००।०० भुक्तानी दिएकोमा बढी भुक्तानी दिएको रकम रु.२,७८२।३१ असुल गर्नुपर्ने रु. ..</td><td>2782.31</td></tr>
<tr><td>37.9.</td><td>२३७-२०७५।३।१ वडा नं.६ मा उत्तर मुगेहरी तथा दक्षिण पुगेहरी गाउमा सडक पी सी सी वापत जम्मा रु.९,७०,०००।०० को काम भएकोमा प्रथम रनिङ्ग बिलबाट रु.५,५९,९३८।७० कट्टा गरी रु.४,१०,०६३।३० भुक्तानी दिनु पर्नेमा रु.४,१५,०००।०० भुक्तानी दिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बढी भुक्तानी दिएको रकम रु.४,९३६।७० असुल गर्नुपर्ने रु. ..</td><td>4936.70</td></tr>
<tr><td>37.10</td><td>ब.उ.शी.नं.८०१६६०३: २६५-२०७५।१।१० विविध खर्च वापत श्री शिवप्रकाश बर्मालाई रु.६०,०००।०० भुक्तानी दिएकोमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम रु.११,९६०।०० भुक्तानी दिएकोले बढी भुक्तानी असुल गर्नुपर्ने रु. ..</td><td>11960.00</td></tr>
<tr><td>37.11</td><td>२७७-२०७५।३।१२ आमा समूहलाई पोषण सम्झौता बमोजिमरु.१,४०,०००।०० को कार्यक्रममा कर कट्टी गरी फुलिका स्वास्थ्य चौकीका सि.अ.हे.व.श्री परशुराम थारुलाई</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>सोधभर्ना रु.४,९५०।०० भुक्तानी दिएकोमा रु.१,३५,०५०।०० को मात्र बिल भरपाई पेश भएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. ..</td><td>4950.00</td></tr>
<tr><td>37.12</td><td>४४२-२०७५।३।२५ सवारी साधन भाडामा प्रयोग गरे वापत सवारी धनी श्री कृष्णकुमार कसौधनलाई सवारी भाडा वापत रु.१७,१००।०० भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार बहाल कर रु.१,७१०।०० कट्टा नभएकोले असुल गर्नुपर्ने रु. ..</td><td>1710.00</td></tr>
<tr><td>37.13</td><td>४२७-२०७५।३।२५ वडा नं.५ सिसहनिया आर सी सी सडक ढलान र नाली निर्माण कार्यको दोस्रो तथा अन्तिम बिल अनुसार रु.२८,७८,२४३।१८ को कार्य सम्पन्न भएकोमा प्रथम रनिङ्ग बिलबाट रु.१३,९९,३९९।६० भुक्तानी भई यस बिलको रु.१४,७८,८४३।३८ भुक्तानी दिनु पर्नेमा रु.१४,८८,२४३।०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.९,३९९।४२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम असुल गर्नुपर्ने रु. ..</td><td>9399.42</td></tr>
<tr><td>37.14</td><td>४९५-२०७५।३।३२ गाउपालिकाका अध्यक्षको आवास व्यवस्थापन कार्यक्रमबाट फर्निचर लगायतका सामानहरु खरिद गरी रु.३,१८,१७३।०० गाउपालिकाका अध्यक्ष श्री बजरंगीप्रसाद कुर्मीलाई भुक्तानी दिएकोमा उक्त खप्ने जिन्सी सामानहरु आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ बमोजिम जिन्सी दाखिला गर्नुपर्ने रु. .</td><td>318173.00</td></tr>
<tr><td>38.</td><td>वित्तीय जवाफदेहिता : सुशासनको अभिबृद्धि र विश्वमा प्रचलित असल अभ्यासको आधारमा वित्तीय जवाफदेहिता तथा उत्तर दायित्व सम्बन्धी स्थितिको मूल्याङ्कन गर्न तोकिएको सूचकको आधारमा मूल्याङ्कन गरी सोको आधारमा निकायको स्तर वर्गीकरण गर्ने सम्बन्धमा व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन विकास निर्माण सम्बन्धमा लेखापरीक्षणको सिलसिलामा मूल्याङ्कन गर्दा कार्यालयले कुल १०० अङ्क मध्ये अङ्क ५० प्राप्त गरी सी ग्रेड प्राप्त गरेकोले थप सुधार गर्नु पर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>39.</td><td>बेरुजू: मायादेवी गाउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१ लाख ५८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.२ करोड २० लाख २९ हजार, पेश्की बाँकी देखिएको रु.२४ करोड ६२ लाख समेत रु.२ करोड ९५ लाख ९९ हजार कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले रु.२ करोड ९५ लाख ९९ हजार नै कायम भएको छ ।</td><td></td></tr>
<tr><td>39.1.</td><td>बेरुजू अनुगमन तथा मूल्याङ्कन: स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४ घ बमोजिम बेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयको गत विगत वर्षको बेरुजू फछ्र्यौट गरेको छैन ।</td><td></td></tr>
<tr><td>39.2.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table><tr><th>गत वर्षको बेरुजु रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट</th><th>बाँकी</th></tr><tr><td>617000.00</td><td>127000.00</td><td>490000.00</td></tr></table></td><td></td></tr>
<tr><td>39.3.</td><td>अद्यावधिक बेरुजु स्थिति : मायादेवी गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td><table><tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु.</th><th>यो वर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr><tr><td>490000.00</td><td>०</td><td>२९५९८८९७.००</td><td>३००८८८९७.००</td></tr></table></td><td></td></tr>
<tr><td>39.4.</td><td>आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण हुँदा महालेखा परीक्षकको प्रतिवेदनको दफा १६.३, १८.३ र १९.३ मा कायम भएको बेरुजू रु.१,२६,९८८।२० क.सं.कोष खातामा</td><td></td></tr>
</table>

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | दाखिला भएको प्रमाणको आधारमा फछ्र्यौट भएको छ । | |

अनुसूची– १

# मायादेवी गाउपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | कपिलवस्तु | मायादेवी गाउपालिका | २३ | १६ | २९५९९ | ० | ० | ० | २३ | १६ | २९५९९ | १५८ | ४९५० | २२०२९ | ० | ० | २६९७९ | १५७ | २३०५ | २४६२ |

अनुसूची- २

# मायादेवी गाउपालिकाको सञ्चित कोष विवरण

## २०७४।७५

**प्रदेश नम्बर :- ५**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | मायादेवी गाउपालिका | कपिलवस्तु | ७८६३ | २४३९८५ | १५६१४२ | ३५१७ | ४०३६४४ | १७४१७३ | १७०३२० | ० | ३४४४९३ | ६७०१४ |